# शितगंगा नगरपालिकाको विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि, २०७९

शितगंगा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

# शितगंगा नगरपालिकाको विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि, २०७९

**प्रस्तावना :**

शितगंगा नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतता, सामाजिक सुरक्षा तथा संरक्षण जस्ता सहयोग कार्यक्रमलाई छिटो, छरितो, मितव्ययी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायतता प्राप्त गर्नेहरुलाई अनशासित, जवाफदेही, उत्तरदायी बनाई उपेक्षित परिमाण हासिल गर्न तथा वजेटको सही सदुपयोग तथा परिचालन गर्न र सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्न नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न, वान्छनीय भएकोले शितगंगा नगरपालिका विपद् जोखिम न्यूनीकररण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ को दफा २७ बमोजिम यो कार्यविधि वनाई लागु गरिएको छ ।

## परिच्छेद- १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम :** यस कार्यविधिको नाम "शितगंगा नगरपालिका विपद् कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९" रहनेछ ।

२. यो कार्यविधि शितगंगा नगरपालिकाको मिति २०७९/०६/०८ मा बसेको कार्यपालिका वैठकबाट स्वीकृत गरी लागु गरिएको छ ।

३. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद- २
## परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क) **विपद् कोष** भन्नाले शितगंगा नगरपालिकामा स्थापित एक विपद् कोषलाई बुझिनेछ ।

ख) **कार्यविधि** भन्नाले शितगंगा नगरपालिका विपद् कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९ लाई बुझाउने छ ।

ग) **'व्यवस्थापन समिति'** भन्नाले विपत कोष व्यवस्थापन तथा आर्थिक सहायततालाई परिमार्जन र गतिशिलता प्रदान गर्ने समितिलाई बुझाउने छ ।

घ) **सिफारिस समिति** भन्नाले यस कार्यविधि बमोजिम सिफारिस भई आएको रकम भुक्तानी प्रदान गर्न कार्यालयलाई सिफारिस गर्ने समितिलाई बुझाउने छ ।

ङ) **आर्थिक सहायतता** भन्नाले कुनै पनि किसिमको दैविक वा मानविय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको व्यक्ति वा कुनै सांस्कृतिक कार्यक्रममा कुनै व्यक्ति, परिवार वा समाजलाई नगरपालिकाबाट प्रदान गरिने नगदी तथा जिन्सी सामाग्री सहयोग भन्ने बुझाउँछ ।

च) **विपद** भन्नाले भुकम्प, बाढी, पहिरो, चट्याङ, हुरी, वतास, असिना, शितलहर, तातो हावाको लहर जस्ता प्रकोप भन्ने बुझाउछ ।

छ) **मानवीय विपत्ति** भन्नाले मानिसका कारणबाट भएको आगलागी, महामारी, हुलदंगा, जल, औद्योगिक दुर्घटना, विषाक्त खाद्य सेवन, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट जस्ता विपत्ति भन्ने बुझाउछ ।

ज) **असाध्य रोग** भन्नाले क्यान्सर, मुटुरोग, मृगौला सम्बन्धी रोग र एच.आई.भि. एड्स आदि जस्ता रोग बुझाउँछ ।

झ) **अन्य उपचार** असाध्य रोग बाहेकका आकस्मिक दुर्घटना तथा उपचार भन्ने बुझाउँछ ।

ण) **सामाग्री** भन्नाले काजकिरीया तथा अन्य विपद्मा तत्काल राहात पुग्ने किसिमका त्रिपाल, चामल, चिउरा, दाल, तरकारी, खाने तेल, नुन, बेसार, मसला, चिनी, चियापत्ती जस्ता दैनिक उपभोग्य सामाग्रीलाई बुझाउँछ ।

## परिच्छेद- ३
## कोषको स्थापना र संचालन

क) आर्थिक सहायता, सामाग्री वितरण तथा विपद् सहायता जस्ता क्षेत्रहरुमा सुविधा उपलब्ध गराउनको लागी न.पा.को नाममा एक विपद् कोष रहनेछ ।

ख) नगरसभा वा कार्यपालिकाको थप निर्णय बाहेक यस कार्यविधिको परिधि वाहिर गएर कुनै पनि सहायता प्रदान गर्न सकिने छैन ।

ग) यस कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

१. शितगंगा न.पा. बाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोष, औषधि उपचार सहायता र आर्थिक सहायता चन्दा पुरस्कारमा विनियोजन भएको रकम ।
२. नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।
३. विभिन्न सरकारी, गैर सरकारी संस्था तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।
४. अन्य स्रोत ।

**घ) कोषको संचालन :** यस कोषको रकम नगरपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ अनुसार खर्च गरिनेछ ।

**ङ) कोषमा जम्मा भएका रकम** : यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापन र आर्थिक सहायताका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

**च) लेखा परिक्षण :** यस कोषको आन्तरिक लेखा परिक्षण आ.ले.प. शाखाबाट र अन्तिम लेखा परीषण महालेखा परिक्षकको कार्यलयबाट गरिनेछ ।

**छ) खाता संचालन :** यस कोषको खाता संचालन शितगंगा नगरपालिकाको आर्थिक कार्यविधि व्यवस्थित तथा नियमिति गर्ने ऐन, २०७४ अनुसार हुनेछ ।

## परिच्छेद- ४
## सहायता रकम

संकटहरु पुर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरु अपनाउँदै समेत संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केहि मात्रामा भएपनि राहत पुग्ने महशुस गर्दै तपशिल अनुसारको शिर्षकमा तपशिल अनुसारको आर्थिक सहायता नगरपालिका प्रमुखको आदेश बमोजिम रु. पाँच हजार नगद वा रु.पाँच हजार सम्मको जिन्सी मालसमान प्रदान गरिनेछ । सो बाहेको आर्थिक सहायता संचालक समितिको बैठकको निर्णयानुसार प्रदान गर्न सकिनेछ । नगरपालिका र वडा कार्यालयबाट दोहोरो पर्ने गरी सहायता उपलब्ध गराईने छैन

**क. मृत्यु भएमा मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी**

| कारण | सहायता गर्न सकिने रकम | संसोधन गर्नुपर्ने |
|---|---|---|
| आगलागी | काज किरिया खर्च प्रति मृतक रु. १०,०००।- | |
| दुर्घटना (करेन्ट, चटयाङ, साधन तथा औजारबाट | काज किरिया खर्च प्रति मृतक रु. १०,०००।- | |
| रुख, खोलानाला, पहिरो आदि | काज किरिया खर्च प्रति मृतक रु. १०,०००।- | |
| दैवी प्राकृतिक विपत्ति | काज किरिया खर्च प्रति मृतक रु. १०,०००।- | |
| वेवारिसे मानिस (बाहिरबाट आएको वा यस न.पा. भित्रको ठाउँ ठेगाना खुल्ने गरी बाहिर गएर मरेको) | काज किरिया खर्च प्रति मृतक रु. १०,०००।- | |
| शितगंगा नगरपालिका क्षेत्रभित्र को वैदेशिक रोजगारका क्रममा मृत्यु भएको व्यक्ति | काज किरिया खर्च प्रति मृतक रु. १०,०००।- | |
| विषालु पदार्थ सेवन (आत्म हत्या गर्ने मनसाय बाहेकको) | काज किरिया खर्च प्रति मृतक रु. १०,०००।- | |
| जनावरबाट क्षति भए | काज किरिया खर्च प्रति मृतक रु. १०,०००।- | |

<u>वितरणका आधारहरु:</u>

१. प्रहरी सर्जमिन मुचुल्का

२. प्रकृति अनुसारको प्रमाण सहित वडा कार्यालयको सिफारिस पत्र

३. निवेदन

४. सम्भव भए सम्म तस्वीर (फोटो)

**ख. घाईते तथा उपचारको क्रममा रहेको र आवास तथा गोठमा भएको क्षति सम्बन्धमा**

| **कारण** | **सहायता गर्न सकिने रकम** | |
|---|---|---|
| | **गम्भीर** | **सामान्य** |
| जनावर आतङ्क | बढीमा रु. १०,०००।- | रु. ५०००।- |
| आगलागी | रु. १५,०००।- | रु. ५०००। |
| बाढि पहिरो | रु. १५,०००।- | रु. ५०००। |
| हुरी / बतास / अविरल वर्षाबाट घर क्षती | रु. १५,०००।- | रु. ५,०००।- |
| चट्याङ | रु. १०,०००।- | रु. ५,०००।- |
| मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | रु. १०,०००।- | रु. ५,०००।- |

<u>वितरणका आधारहरु:</u>

१. बिरामी दर्ता पूर्जा **(Prescription)**
२. प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र
३. सम्बन्धित बिरामी वा संरक्षकको निवेदन
४. आवास तथा गोठमा भएको क्षति सम्बन्धमा

- प्रहरी सर्जमिन मुचुल्का
- प्रकृति अनुसारको प्रमाण सहित वडा कार्यालयको सिफारिस पत्र
- निवेदन
- सम्भव भए सम्म तस्बीर (फोटो)

**ग. गम्भीर प्रकृतिक रोगीहरु (रोगी उपचारको क्रममा हुनुपर्ने)**

| **रोगको प्रकारहरु** | **सहायता गर्न सकिने रकम** |
|---|---|
| क्यान्सर | रु. २५,०००।- |
| मृगौला | रु. २५,०००।- |
| मुटु | रु. २५,०००।- |
| प्यारालाईसिस | रु. २५,०००।- |
| ब्रेन ट्युमर (मस्तिष्क घात) | रु. २५,०००।- |

<u>**वितरणका आधारहरु:**</u>

१. बिरामी दर्ता पूर्जा (**Prescription**)
२. प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस
३. सम्बन्धित बिरामी वा संरक्षकको निवेदन

- माथि उल्लेखित विषयमा नपरेका वा छुट भएका जुनुसुकै विषयहरु आएमा र नगरपालिका प्रमुखलाई मनासिव लागेमा वडा अध्यक्षको सिफारिशबाट रु ५००० ।- (पाँच हजार ) भुक्तानी दिन सकिनेछ ।बिरामीको सन्दर्भमा चेकजाच गरेको कागज, औषधी खरिद गरेको कागज र अन्य नगर भित्र समस्या ग्रस्त असाय, बेसाहारा व्यक्तिको हकमा नगर प्रमुख र उप-प्रमुखको सिफारीस बमोजिम रु. ५०००/- प्रदान गर्ने ।
- यसमा माथि उल्लेख नभएका विषय तथा क्षेत्रमा अचानक परि आउने बाढी, सितलहर, महामारी खडेरी जस्ता कारणले नागरिकको धन-जनको क्षति तथा आवास समस्या भएमा नगर कार्यपालिकाको निर्णय अनुसार राहात सामाग्री, खाद्यान्न तथा तत्कालका लागि सुरक्षित आवासको ब्यवस्था नगरपालिकाले गर्ने छ। तत्काल आवासको लागि आवश्यक परेमा सार्वजनिक भवनहरु, सामुदायिक तथा निजी विद्यालयहरू प्रयोग गर्न सकिने छ ।

## परिच्छेद- ५
## व्यपस्थापन समिति र कार्यकारी समितिको गठन र वैठक संचालन

१. विपद् कोष व्यवस्थापन तथा आर्थिक सहायता कार्यविधि २०७९ को संचालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय बमोजिमका सदस्य रहने गरी एक संचालक समिति रहनेछ ।

क. नगरपालिका प्रमुख - संयोजक

ख. नगरपालिका उप प्रमुख - सदस्य

ग. प्रमुख प्रशासकिय अधिकृत - सदस्य

घ. वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य

ङ. ईलाका प्रहरी कार्यालयका प्रतिनिधि - सदस्य

च. ईन्जिनियर / प्राविधि शाखा प्रमुख - सदस्य

छ. नेपाल रेडक्रस सोसाइटीको शाखा प्रतिनिधि - सदस्य

ज. नगरपालिकाको स्वास्थ्य प्रतिनिधी - सदस्य

झ. विपत शाखा हेर्ने शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार विपद् कोष व्यवस्थापन समितिको वैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

**२. समितिको काम, कर्तव्य र अधिकार :**

- नगरपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- नगरपालिका विपद् व्यवस्थापन कोषको संचालनका लागि योजना तर्जुमा गरी नगर सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।
- विपद्को घटना घटनु अगावै जनचेतना मुलक कार्यक्रम संचालन गर्ने ।
- विपतको घटना घटेमा तत्काल उद्धार कार्यका राहत वितरणका कार्यहरु अपनाउने ।

## परिच्छेद- ६
## सिफारीस समितिको गठन र वैठक संचालन

१. यस कार्यविधिमा उल्लेखित नगर प्रमुख बाट रु. ५ हजार तोक आदेश गर्ने बाहेकका सम्पूर्ण रकमहरु भुक्तानीको लागी कार्यालयलाई सिफारिस गर्न देहाय बमोजिमको ३ सदस्यिय एक सिफारीस समिति रहनेछ ।

क) नगरपालिका प्रमुख - संयोजक
ख) नगरपालिका उप प्रमुख - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

२. समितिको काम कर्तव्य र अधिकार

- कार्यालयलाई रकम भुक्तानीको लागी सिफारीस गर्ने,
- नियमित र आवश्यकता अनुसार वैठक संचालन गर्ने,
- व्यवस्थापन समिति र कार्यकारी समितिको वैठकमा विपद, राहत र आर्थिक सहायता व्यवस्थापन सम्बन्धमा देखिएका विषयमा रचनात्मक सुझाव प्रस्तुत गर्ने ।

## परिच्छेद- ७
## भुक्तानी, अनुगमन तथा प्रतिवेदन सम्बन्धमा

१. यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि नगर कार्यपालिकाबाट अनुगमन गरिनेछ ।
२. यो कार्यविधि अनुसार संचालित कार्यहरुको प्रतिवेदन नगर कार्यपालिकामा पेश गरिनेछ ।
३. विपद्ले धनजनको क्षतिको साथै जीवनयापन र वातावरणमा पारेको प्रतिकुल असर र प्रभावलाई कम गर्न र दैनिक जीवनयापनमा केही हद सम्म सहजता ल्याउन नियमानुसार राहात रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेक १५ दिन भित्र सम्बन्धित पिडितलाई उपलब्ध गराइनेछ ।
४. यो कार्यविधि बमोजिम भन्दा बढी रकम भुक्तानी दिने अवस्थामा नगर कार्यपालिकाको वैठकको निर्णय बमोजिम गर्ने ।
५. कार्यालयले सहायता रकम दिएको विवरण अद्यावधिक गर्नुपर्नेछ । एकपटकको लागि सिफारिस समितिको निर्णय बमोजिम र आगामी वर्ष प्रदान गर्नुपर्ने भएमा कार्यपालिकाको आदेश बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद- ८
## खारेजी तथा बचाउ

१. शितगंगा नगरपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि २०७४, शितगंगा नगरपालिकाको आथिक सहायता वितरण सम्बन्धी कार्यविधि २०७४ खारेज गरिएको छ ।
२. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, नगरपालिकाको आर्थिक कार्यविधि सम्बन्धी कानुनहरु र अन्य प्रचलित कानुनसंग बाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ ।
३. यस अघि प्रदान गरिएको आर्थिक सहायता यसै कानुन बमोजिम भए गरेको मानिनेछ ।

**प्रमाणित मितिः- २०७९/०६/०८**

आज्ञाले
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत